# नेपाल सरकार
# अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# कोष तथा लेखा नियन्त्रक कार्यालय, बैतडी

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रकको कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
बैतडी




सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र नियमावली, २०६५ को नियम ३ बमोजिम २०८३ साल बैशाख ०१ गतेदेखि २०८३ असार मसान्तसम्म कोष तथा लेखा नियन्त्रक कार्यालय, बैतडीले सम्पादन गरेका कामहरुको स्वतः प्रकाशन सम्बन्धी विवरण।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रकको कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
बैतडी

## १.निकायको स्वरुप र प्रकृतिः

जिल्ला स्थित सरकारी कार्यालयहरुको स्वीकृत वार्षिक बजेट बमोजिम सञ्चित कोषबाट रकम निकासा दिने, आन्तरिक लेखापरीक्षण गर्ने, जिल्लाको विनियोजन, राजस्व र धरौटीको एकीकृत विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने उद्देश्यले वि.सं.२०३८ सालमा नेपालभर प्रत्येक जिल्लामा महालेखा नियन्त्रक मातहत कोष तथा लेखा नियन्त्रक कार्यालयको स्थापना हुने क्रममा बैतडी जिल्लामा पनि कोष तथा लेखा नियन्त्रक कार्यालय स्थापना भएको हो। यस कार्यालयले बैतडी जिल्ला स्थित संघीय सरकारी कार्यालयहरुलाई ती कार्यालयको स्वीकृत वार्षिक बजेट र त्रैमासिक बजेट विभाजनको परिधिभित्र रहेर भुक्तानी निकासा दिने, स्थानीय तहहरुलाई संघीय सरकारबाट प्रदान गरिने वित्तीय हस्तान्तरणको रकम निकासा दिने, अन्तर सरकारी अख्तियारी अन्तर्गतका रकम निकासा दिने साथै हाल प्रदेश लेखा ईकाईको समेत जिम्मेवारीनिर्वाह गर्दै आईरहेको छ। साथै जिल्ला स्थित संघीय र प्रादेशिक कार्यालयहरु तथा स्थानीय तहको हकमा अन्तर सरकारी अख्तियारीको लेखाको आन्तरिक लेखापरीक्षण गर्ने, जिल्ला स्थित संघीय र प्रादेशिक कार्यालयहरुको तलबी प्रतिवेदन पारित गर्ने, निवृत्तभरण अधिकारपत्र सम्बन्धी तोकिए बमोजिमका कार्यहरु सम्पादन गर्ने र आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयहरुको कारोबारको लेखा राख्ने कार्यको अनुगमन, नियन्त्रण तथा हिसाब भिडान र जिल्लागत एकीकृत विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने गर्दछ।

## २. निकायको काम, कर्तव्य र अधिकार

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ र महालेखा नियन्त्रक कार्यालयबाट तोकिए अनुसार यस कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्-


- महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा जिल्ला स्थित संघीय कार्यालय र स्थानीय तहको आर्थिक कारोबारको रेखदेख, निरीक्षण गर्ने र प्रचलित कानुनको अधीनमा रही राय दिने,
- आफ्नो इलाकाभित्र आर्थिक कारोबार गर्ने कार्यालयहरुलाई महालेखा नियन्त्रक कार्यालयको परामर्शमा संकेत नम्बर दिने र कार्यालयको लगत अद्यावधिक राख्ने,

- कार्यालयबाट विनियोजन, राजस्व र धरौटी रकमको आम्दानी र खर्चको विवरण लिई त्यसको जिल्लागत एकीकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउने,
- महालेखा नियन्त्रक कार्यालयले तोकिदिएको वा प्रचलित कानुन वा नेपाल सरकारको निर्णयबाट कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराउने गरी तोकिदिएकोमा त्यस्तो केन्द्रीय निकायको समेत राजस्व, धरौटी, जिन्सी र प्रचलित कानुन बमोजिम खडा भएको कार्यसञ्चालन कोषको आन्तरिक लेखापरीक्षण गराउने,
- कार्यालयलाई दिएको अख्तियारी र बजेट बाँडफाँड बमोजिम निकासा दिने रकमको कार्यालयगत र गोश्वारा लेखा राख्ने, निकासा दिने र निकासा दिईएको रकमको विवरण बैंकबाट प्रमाणित गराई महालेखा नियन्त्रक कार्यालयमा पठाउने,
- सरकारी कार्यालयको लागि विनियोजित बजेट सम्बन्धित कार्यालयले दिएको भुक्तानी आदेश अनुसार भुक्तानी निकासा गरी एकल खाता कोष सञ्चालन सम्बन्धी कार्यविधि बमोजिम हिसाब राख्ने,
- राजस्व तथा धरौटी लेखा सम्बन्धमा आवश्यकता अनुसार कार्यालयको निरीक्षण गरी सोको प्रतिवेदन महालेखा नियन्त्रक कार्यालयमा र सम्बन्धित कार्यालको तालुक केन्द्रीय निकायमा पठाउने र तत्सम्बन्धमा प्राप्त निर्देशन बमोजिम गर्ने,
- विनियोजन, लेखा, नगद मौज्दात र बेरुजु फस्यौंट सम्बन्धमा कार्यालयको निरीक्षण गरी त्यस्तो निरीक्षण प्रतिवेदन महालेखा नियन्त्रक कार्यालयमा र सम्बन्धित कार्यालयको तालुक केन्द्रीय निकायमा पठाउने र तत् सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त निर्देशन बमोजिम गर्ने,
- कार्यालयको निरीक्षण गर्दा स्रेस्ता दुरुस्त नरहेको वा हिनामिना भएको वा पेश गर्नु पर्ने प्रतिवेदन नियमित रुपमा पेश नगरेको वा अन्य प्रचलित कानुन बमोजिम गर्नुपर्ने काम नगरेको पाईएमा भुक्तानी निकासा, खाता, आर्थिक कारोबार रोक्का गरी तालुक केन्द्रीय निकायमा जानकारी दिने,
- महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा प्रदेश तथा स्थानीय सञ्चित कोषको सञ्चालन, लेखाङ्कन प्रतिवेदन तथा खाता सञ्चालन सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्ने तथा परामर्श दिने,
- महालेखा नियन्त्रक कार्यालयले समय समयमा तोकिदिएका अन्य कार्यहरु गर्ने

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रकको कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
बैतडी

## ३.कार्यालयको संगठन संरचना, शाखागत कार्यविभाजन, पदपूर्तिको अवस्था र कर्मचारी विवरण:

### ३.१ कार्यालयको संगठन संरचना



### ३.२ शाखागत कार्यविभाजन

**क. प्रशासन, निवृत्तभरण तथा अन्तर सरकारी वित्त व्यवस्थापन शाखा**

- कार्यालयको बजेट तयारी तथा आर्थिक प्रशासन सञ्चालन गर्ने,
- कार्यालयको आन्तरिक तथा अन्तिम लेखापरिक्षण गराउने,
- बेरुजुको लगत राख्ने, फस्यौंट गराउने, सम्परीक्षण तथा प्रतिवेदन गर्ने,
- कार्यालयको कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,
- आफ्नो क्षेत्रभित्रका आर्थिक कारोबार गर्ने कार्यालयहरुको लगत तयारी र अद्यावधिक गर्ने,
- महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा जिल्ला स्थित संघीय कार्यालय र स्थानीय तहको आर्थिक कारोबारको रेखदेख, निरीक्षण गर्ने र प्रचलित कानुनको अधीनमा रही राय दिने,
- निवृत्तभरण व्यवस्थापन सम्बन्धी तोकिएका कार्यहरु गर्ने।
- विभाज्य कोषको व्यवस्थापन गर्ने,
- प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको लागि विनियोजन ऐनमा तोकिए अनुसार छिटो छरितो र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
- प्रदेश सरकार र स्थानीय तहको वित्तीय प्रणालीहरु सञ्चालनमा समन्वय र सहयोग गर्ने,
- प्रदेश तथा स्थानीय तहको वित्तीय व्यवस्थापन सम्बन्धमा सङ्घीय सरकारबाट भएको निर्णय, निर्देशन र मार्गदर्शन, सञ्चार तथा कार्यान्वयन गर्न समन्वयात्मक भुमिका निर्वाह गर्ने।

**ख. कोष व्यवस्थापन शाखा**

- जिल्ला स्थित सङ्घीय सरकारी कार्यालयहरुको कोष सञ्चालन गर्ने,
- कार्यालयबाट विनियोजन राजश्व र धरौटी रकमको आम्दानी र खर्चको मास्केवारी लिई त्यसको जिल्लागत मास्केवारी तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउने,
- कार्यालयहरुलाई निकासा दिने र निकासा दिइएको रकमको विवरण बैंकबाट प्रमाणित गराई महालेखा नियन्त्रक कार्यालयमा पठाउने,
- कार्यालयहरुलाई दिएको निकासा रकमको आर्थिक विवरण बनाई महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित कार्यालयको तालुक विभागमा पठाउने,
- राजश्व लेखा र दाखिला तथा धरौटी लेखा फछ्र्यौट सम्बन्धमा आवश्यकता अनुसार कार्यालयको निरीक्षण गरी सो को प्रतिवेदन महालेखा नियन्त्रक कार्यालयमा र सम्बन्धित कार्यालयको तालुक विभागमा पठाउने,
- कार्यालयहरुको निरीक्षण गर्दा कुनै कैफियत पाईएमा निकासा रोक्का गरी तालुक कार्यालयलाई जानकारी दिने ।

ग . आन्तरिक लेखापरीक्षण शाखा

- वार्षिक आन्तरिक लेखापरीक्षण कार्य योजना तयार गरी स्वीकृत गराउने,
- स्वीकृत कार्ययोजना अनुसार आन्तरीक लेखापरीक्षण योजना तयार गरी त्रैमासिक रुपमा जिल्ला स्थित सङ्घीय सरकारी कार्यालयहरुको राजश्व, विनियोजन, धरौटी, जिन्सी र प्रचलित कानुन बमोजिम खडा भएको कार्य सञ्चालन कोषको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्ने, सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहबाट अनुरोध भई आएमा जिल्लास्थित प्रदेश र स्थानीय तहका कार्यालयहरुको आन्तरिक लेखापरीक्षण गर्ने,
- त्रैमासिक रुपमा सम्पन्न गरेको आन्तरिक लेखापरीक्षणको प्रतिवेदन तयार गरी सम्बन्धित निकाय तालुक विभाग र मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने,
- आन्तरिक लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तताको मूल्याङ्कन गरी प्रतिवेदन गर्ने,
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजु फछ्र्यौटको अवस्थाको जाँच गरी प्रतिवेदन गर्ने,
- आन्तरिक लेखापरीक्षण गर्दा देखिएका गम्भीर त्रुटी, अनियमितता, मस्यौट वा हिनामिनाको तत्काल कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख, विभागीय प्रमुख तथा सम्बन्धित सचिवलाई प्रतिवेदन गर्ने,
- आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र गर्ने
- संघीय र प्रदेश कार्यालयहरुको तलवी प्रतिवेदन पारित गर्ने।

३.३ कार्यालयको पदपूर्तिको अवस्था

| सि.नं. | पदको नाम | श्रेणी | सेवा/समूह | स्वीकृत सङ्ख्या | पदपूर्ति सङ्ख्या | रिक्त सङ्ख्या | पदपूर्तिको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख कोष नियन्त्रक | रा.प. द्वितीय | प्रशासन/लेखा | १ | १ | ० | स्थायी |
| २ | कोष नियन्त्रक | रा.प. तृतीय | प्रशासन/लेखा | १ | १ | ० | स्थायी |
| ३ | आ.ले.प. अधिकृत | रा.प. तृतीय | प्रशासन/लेखा | १ | १ | ० | स्थायी |
| ४ | आ.ले.प. सहायक | रा.प. अनं. प्रथम | प्रशासन/लेखा | १ | १ | ० | स्थायी |
| ५ | लेखापाल | रा.प. अनं. प्रथम | प्रशासन/लेखा | ४ | २ | २ | स्थायी |
| ६ | ह.स.चा. | श्रेणी विहीन | मे.ई./ज.ई. | १ | १ | ० | करार |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन/सा.प्र. | ३ | ३ | ० | २ स्थायी, १ करार |
| जम्मा | | | | १२ | १० | २ | |

## ३.४ कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | श्रेणी /तह | सम्पर्क नं. | शाखा |
|---|---|---|---|---|---|
| १. | बासुदेव भण्डारी | प्रमुख कोष नियन्त्रक | रा.प.द्वितीय | ९८६८४२५९४२ | |
| २. | आशाराम पुन मगर | कोष नियन्त्रक | रा.प.तृतीय | ९८६६९०७२४७ | |
| ३. | सुजीत शाह | आ.ले.प.अधिकृत | रा.प.तृतीय | ९८४०२८८६६५ | आन्तरिक लेखा परीक्षण शाखा |
| ४. | भरत बहादुर बोगटी | आ.ले.प.सहायक | रा.प. अनं. प्रथम | ९८६८५४५६०४ | आन्तरिक लेखा परीक्षण शाखा |
| ५. | दीपक राज जोशी | लेखापाल | रा.प. अनं. प्रथम | ९८४८७२९३४५ | प्रशासन, निवृत्तभरण तथा अन्तर सरकारी वित्त व्यवस्थापन शाखा |
| ६. | रमेश पंगेनी | लेखापाल | रा.प.अनं.प्रथम | ९८६८७५६२१९ | कोष व्यवस्थापन शाखा |
| ७. | हिक्मत सिंह ऐरी | ह.स.चा. | श्रेणी विहीन | ९८६३१०४८२१ | प्रशासन, निवृत्तभरण तथा अन्तर सरकारी वित्त व्यवस्थापन शाखा |
| ८. | दिपक नाथ | का.स. | श्रेणी विहीन | ९८४८८३५५६५ | |
| ९. | शंकर बहादुर खत्री | का.स. | श्रेणी विहीन | ९८४८८९००१२ | |
| १०. | शेर बहादुर धामी | का.स. | श्रेणी विहीन | ९८५८७८३२२० | |

## ४.कार्यालयबाट प्रदान गरिने सेवाहरु

- कार्यालयबाट प्राप्त स्वीकृत भुक्तानी आदेश अनुसार **भुक्तानी निकासा** गर्ने,
- जिल्लास्थित कार्यालयले आर्थिक प्रशासनका विषयमा लिखित राय माग गरेमा प्रचलित कानुनको अधिनमा रही **राय** प्रदान गर्ने,
- कार्यालयले तयार गरेको वित्तीय विवरणहरुको **शुद्धता जाँच गरी वित्तीय विवरणहरु प्रमाणित** गर्ने,
- आन्तरिक लेखापरीक्षणको माध्यमबाट कार्यालयलाई सुधारका लागि **सुझावहरु** प्रदान गर्ने,
- आर्थिक कारोबार तथा आर्थिक प्रशासन सञ्चालनका विषयमा भएका समसामयिक विषयमा कार्यालयहरुलाई **सूचित गराउने**,
- कानुन बमोजिम कार्यालयहरुको वार्षिक **तलवी प्रतिवेदन** पारित गर्ने,
- आर्थिक कारोबारको सञ्चालनका सम्बन्धमा लागु भएका प्रणालीहरुको प्रयोगका लागि क्षमता विकासका तालिमहरु सञ्चालनको **समन्वय** गर्ने,
- प्रणाली प्रयोगका लागि अन्य कार्यालयहरुलाई **सहजीकरण** गर्ने,
- बजेट खर्च गर्ने अख्तियारी तथा स्वीकृत कार्यक्रम अनुसार भुक्तानी कार्यालयहरुबाट प्राप्त भुक्तानी आदेशको आधारमा भुक्तानी निकासा, विद्युतीय कोष हस्तान्तरण/इएफट र चेक सम्बन्धी कार्य गर्ने,
- सरकारी कारोबारसँग सम्बन्धित धरौटी रकमको कार्यालयगत आम्दानी तथा कार्यालयको अनुरोधमा भुक्तानी निकासा सम्बन्धी कार्य गर्ने,

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रकको कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय

- सम्बन्धित कार्यालयहरुको कार्यसञ्चालन कोषमा प्राप्त हुने रकम आम्दानी तथा सो कोषबाट हुने भुक्तानी निकासा सम्बन्धी कार्य गर्ने,
- सरकारी कार्यालयहरुमा हुने विनियोजन, राजश्व, धरौटी एवम् कार्यसञ्चालन कोषबाट भएको कारोबारको **आन्तरिक लेखापरीक्षण** गरी सम्बन्धित कार्यालयहरुलाई प्रतिवेदन उपलव्ध गराउने,
- आर्थिक प्रशासन सम्बन्धी विषयमा सम्बन्धित कार्यालयहरुलाई आवश्यक राय परामर्श उपलव्ध गराउने,
- कानुनमा व्यवस्था भएका विभिन्न **समितिहरुमा कार्यालयको तर्फबाट प्रतिनिधित्व** र सम्बन्धित कार्यहरुगर्ने,
- सङ्घ सरकारबाट स्थानीय तहमा प्रदान गरिने विभिन्न **अनुदान** हस्तान्तरण तथा अन्तरसरकारी अख्तियारी भुक्तानी निकासा गर्ने,
- सेवा निवृत्त राष्ट्रसेवकहरुको **निवृत्तभरण** अधिकारपत्रको प्रतिलिपि दिने, निवृत्तभरण बैंक खाता खोल्न सिफारिस गर्ने, सेवासुविधामा हुने वृद्धि स्वीकृति गर्ने, सुविधा समायोजनहिसाब मिलान / गर्ने, निवृत्तभरण खाता बन्द गर्ने, पारिवारीक निवृत्तभरण अधिकारपत्र जारी गर्ने लगायत कार्य गर्ने,
- सेवानिवृत्त राष्ट्रसेवकलाई प्रचलित कानुन बमोजिम प्राप्त हुने सञ्चित विदा, औषधिउपचार र उपदान वापतको रकम सम्बन्धित कार्यालयबाट प्राप्त हुने गरी **रकमान्तर** गर्ने। प्रदेश र स्थानीय तहको सेवानिवृत्त कर्मचारीको हकमा कोलेनिकाबाटै सेवासुविधाको रकम भुक्तानी निकासा गर्ने ।

**५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीः** बुँदा नं. ३.४ मा उल्लेख गरिएको।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समयावधिः** नागरिक वडापत्रमा उल्लेख भएबमोजिम हुने।

**७. निर्णय गर्ने प्रकृया र अधिकारीः** राय, टिप्पणी र तोक आदेशका आधारमा कार्यालय प्रमुखबाट हुने।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः** महालेखा नियन्त्रक

**९. २०८३ बैशाख १ गतेदेखि २०८३ असार मसान्तसम्म सम्पादित मुख्य कामहरुः**

- जिल्ला स्थित १० वटा स्थानीय तहको माग अनुसार चौथो त्रैमासिक वित्तीय समानीकरण र शसर्त अनुदान निकासा गरिएको ।
- २ जना सेवा निवृत्त राष्ट्र सेवकको औषधी उपचार, उपदान र सञ्चित विदाको रकम भुक्तानी गरिएको।
- ४९ जना सेवा निवृत्त सेवाग्राहीहरुलाई निवृत्तभरण सम्बन्धी सेवा प्रदान गरिएको।
- e-pension प्रणालीमार्फत ३ जनालाई निवृत्तभरण अधिकारपत्र प्रदान गरिएको ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रकको कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
बैतडी

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पदः**

**कार्यालय प्रमुखः** प्रमुख कोष नियन्त्रक श्री बासुदेव भण्डारी

**सूचना अधिकारीः** लेखापाल श्री दीपक राज जोशी

**११.कार्यसम्पादन तथा सेवा प्रवाहको कानुनी आधार र प्रणालीहरु**

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ र नियमावली,२०७७
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४
- लेखापरीक्षण ऐन,२०७५
- निजामती सेवा ऐन,२०४९ र नियमावली,२०५०
- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७०
- भ्रमण खर्च नियमावली, २०६४
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७
- समपुरक अनुदान सम्बन्धी कार्यवविधि, २०७७
- घरजग्गा भाडा वृद्धि सम्बन्धी कार्यविधि, २०७१
- आन्तरिक लेखा परिक्षण कार्यविधि, २०७९
- सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९
- एकल खाता कोष प्रणाली सञ्चालन निर्देशिका, २०७३
- सरकारी कारोबार निर्देशिका, २०७३
- लेखा निर्देशिका, २०७३
- नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९
- आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०७५
- सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७
- निवृत्तभरण व्यवस्थापन दिग्दर्शन, २०८०
- बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन आ.व.२०८२/०८३

कार्यसम्पादन तथा सेवा प्रवाहमा प्रयोग हुने सफ्टवेयरहरु:

- Integrated Public Finance Management System (IPFMS)
- Integrated Pension Management System V2 (IPMS V2)
- New Revenue Management Information System (New RMIS)
- Nepal Audit Management System (NAMS)
- Financial Management Information System (FMIS)
- Public Assets Management System V-2 (PAMS-v2)
- Line Ministry Budget Information System (LMBIS)
- Sub-national Treasury Regulatory Application (SuTRA)
- app.pis.gov.np

## १२.आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### १२.१ जिल्लागत वित्तीय स्थिति

#### १२.१.१ विनियोजन तर्फको निकासा/खर्चको अवस्था

| बजेटको प्रकार | वार्षिक बजेट रु. | निकासा/खर्च रु. | खर्च/निकासाप्रतिशत |
|---|---|---|---|
| संघीय सरकारी कार्यालयहरुको | ८१२३८५८५८२.०० | ६६००१५२८०६.०१ | ८१.२४ |
| प्रदेश सरकारी कार्यालयहरुको | ३७३७३८५३६८.०० | २२१२४४७१४२.३६ | ५९.१९ |

#### १२.१.२ कार्यसञ्चालन कोषको अवस्था

| सि.न. | बिबरण | आम्दानी (अ.ल्या समेत) रु. | निकासा/खर्च रु. | खर्च/निकासा प्रतिशत |
|---|---|---|---|---|
| १. | संघीय सरकारी कार्यालयहरुको | २०८८१८५२३.३१ | १९०२०९३१५.२४ | ९१.०८ |
| २. | प्रदेश सरकारी कार्यालयहरुको | ५३०२९०५८.१४ | ४५४६३९५२.०० | ८५.७३ |

#### १२.१.३ धरौटीको अवस्था

| सि.न. | बिबरण | आम्दानी रु.(अ.ल्या समेत) | निकासा/खर्च रु. | खर्च/निकासा प्रतिशत |
|---|---|---|---|---|
| १. | संघीय सरकारी कार्यालयहरुको | २१४२४३७९३.१४ | ५४४४२१३३.०४ | २५.४१ |
| २. | प्रदेश सरकारी कार्यालयहरुको | २९४८४५२८५.१५ | ४२१११३९०.०४ | १४.२८ |

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रकको कार्यालय कोष तथा लेखा नियन्त्रक कार्यालय बैतडी

## १२.१.४ नेपाल सरकारबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण सम्बन्धी विवरण (रकम रु. मा)

| सि.न. | स्थानीय तह | वितियसमानीकरण अनुदान | | सशर्त अनुदान चालु | | शसर्त अनुदान पूंजीगत | | विशेष अनुदान | | समपुरक अनुदान | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | निकासा | बजेट | निकासा | बजेट | निकासा | बजेट | निकासा | बजेट | निकासा |
| १ | दशरथ चन्द | ११७२००००० | १०७१७९४०० | ३७६५१४००० | ३५३४६५६०४.९८ | ७५००००० | ५७५४४७३ | १६२००००० | ० | ६७००००० | १७६३६४० |
| २ | पाटन | ११२१००००० | १०२५१५४५० | ३५३६२०००० | ३१८३६१७४५.२७ | १०१००००० | ६९६६२५९ | ६६००००० | ३३०८०५२ | ११२००००० | २९१०२३६ |
| ३ | मेलौली | ९३१००००० | ८५१३९९५० | २५३९२०००० | २२०८०८२८७.९२ | २९००००० | ३४४२७०.८२ | २१५००००० | ७१७०४९१.५९ | ७८००००० | ३६७३७६३ |
| ४ | पुर्चौडी | ११६८००००० | १०६८१३६०० | ३३८१८१००० | ३०२९२२८७६.४८ | १०००००००० | ८९९३१८७ | ६६००००० | ४७७८९२६ | १२२००००० | ११०३६०० |
| ५ | सिगास | ९६०००००० | ८७७९२००० | २३०८७०००० | २१६७३९९८५.२१ | ० | ० | २४३००००० | १३९२७३३५ | १४४००००० | ७५५६२९०.४७ |
| ६ | दोगडकेदार | ९७७००००० | ८९३४६६५० | २६४५७१००० | २४०२४५२४२ | ५७००००० | ४०८८१६६ | १६५००००० | १४८९०३३७ | ७७००००० | ३८३९०५० |
| ७ | सुर्नया | ८५१००००० | ७७८२३९५० | २११९६०००० | १९३१५९८६०.८७ | ६५००००० | १५५४७४५ | १६३००००० | ० | १६३००००० | ११०९७५७८ |
| ८ | डिलासैनी | ९४१००००० | ८६०५४४५० | २२२१८०००० | १९५९७७५०९.६६ | ११५००००० | ७६६८६०० | ८५००००० | ४२७२६३० | १२२००००० | ० |
| ९ | शिवनाथ | ७६०००००० | ६९५०२००० | १६६५४०००० | १४१६४१२३६.२८ | १५००००० | ० | १०१००००० | ९१२६८५९ | १३५००००० | ८६६०९९३ |
| १० | पञ्चेश्वर | ८३५००००० | ७६३६०७५० | १९७६१०००० | १७१००७९२०.०४ | ३१००००० | १९५५४६९ | १५९००००० | ५५०९४१९ | ६३००००० | २७८४५४७ |
| जम्मा | | ९७१६००००० | ८८८५२८२०० | २६१५९६६००० | २३५४३३०२६८.७१ | ५८८००००० | ३७३२५१६९.८२ | १४२५००००० | ६२९८४०४९.५९ | १०८३००००० | ४३३८९६९७.४७ |

## १२.१.५ प्रदेश सरकारबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण सम्बन्धी विवरण (रकम रु. मा)

| सि.नं. | स्थानीय तह | वित्तियसमानीकरण | | सशर्त अनुदान चालु | | सशर्त अनुदान पुँजीगत | | विशेष अनुदान | | समपुरक अनुदान | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | निकासा | बजेट | निकासा | बजेट | निकासा | बजेट | निकासा | बजेट | निकासा |
| १ | दशरथ चन्द | १०९७७००० | १००३८४६६.५० | ० | ० | १६०००००० | ७३५५३४४.९६ | ६०००००० | २९६३३२६ | ३८००००० | २८९७०२२.८० |
| २ | पाटन | १०१७४००० | ९३०४१२३ | ० | ० | २५००००० | १६६१६३१ | ४०००००० | २८४१४४७ | १०३००००० | ४७९१७१७ |
| ३ | मेलौली | ८२६५००० | ७५५८३४२.५० | ० | ० | ८२००००० | ८०३७४०२.५६ | ६०००००० | ४२०४३४० | ७२००००० | ३२१३२५१ |
| ४ | पुर्चौडी | १०९०६००० | ९९७३५३७ | ० | ० | ९०००००० | ८५१४३८२ | ७५००००० | ६२२९३१२ | १८०००००० | ११०२११३६ |
| ५ | सिगास | ८२३०००० | ७५२६३३५ | ० | ० | ७०००००० | ४६३९१५० | ७५००००० | ४६६२४१९ | ६७००००० | ४०९०८१० |
| ६ | दोगडकेदार | ८८०३००० | ८०५०३४३.५० | ० | ० | १६१००००० | १४३५३२६६ | ६५००००० | ४२४९१९० | १०८००००० | ५०३४३९७ |
| ७ | सुर्नया | ७४९२००० | ६८५१४३४ | ० | ० | ४०००००० | ३४६३९५२ | ३०००००० | ० | ८५००००० | ४४६०७८१ |
| ८ | डिलासैनी | ८४०८००० | ७६८९११६ | ० | ० | ६०९००००० | ६०३७८८०० | ५५००००० | ० | १५३००००० | ४८५२२२७ |
| ९ | शिवनाथ | ६७६१००० | ६१८२९३४.५० | ० | ० | २०००००० | १९४४४२८ | ० | ० | १७५००००० | ५४११०७० |
| १० | पञ्चेश्वर | ७३४१००० | ६७१३३४४.५० | ० | ० | २५००००० | २३८५८६० | ७५००००० | ४७१३३७९ | १२३००००० | ५०८३६८३ |
| **जम्मा** | | ८७३५७००० | ७९८८७९७६.५० | ० | ० | १२८२००००० | ११२७३४२१६.५२ | ५३५००००० | २९८६३४१३ | ११०४००००० | ५०८५६०९४.८० |

### १२.१.६ सेवा निवृत्त कर्मचारीको सुविधा (अर्थ विविध) को निकासा/खर्च

| सि.नं. | बिबरण | सम्बन्धित कार्यालयहरुबाट माग भएको रु. | निकासा/खर्च रु. | खर्च/निकासा प्रतिशत |
|---|---|---|---|---|
| १. | औषधी उपचार | ६३४७९०७.०० | ६३४७९०७.०० | १०० |
| २. | सञ्चित विदा | ५१९३४८५.०० | ५१९३४८५.०० | १०० |
| ३. | उपदान | ० | ० | ० |
| | जम्मा | ११५४१३९२.०० | ११५४१३९२.०० | १०० |

### १२.२ कोष तथा लेखा नियन्त्रक कार्यालयको बजेट र खर्चको विवरण

| सि.नं. | बजेट उपशीर्षक | बार्षिक बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | ३०५०१०१४३ | १०७२९०००.०० | ७५३१०७७.१६ | ७०.१९ |
| २ | ३०५०१०१४४ | १०७२०००.०० | १०४९३०१.०० | ९७.८८ |
| ३ | ३०५०४०१२३ | ६९८०००.०० | १३३५२३.०० | १९.१२ |
| ४ | ३०५०४०१२४ | १६३०००.०० | ९८८५४.०० | ६०.६४ |
| ५ | २१२०००१२४ | २२५०००.०० | १९३३८२.०० | ८५.९५ |
| जम्मा | | १२८८७०००.०० | ९००६१३७.१६ | ६९.८८ |

**१३. अघिल्लो आर्थिक बर्षमा सञ्चालन भएका कार्यक्रम र आयोजनाको विवरणः** नियमित प्रशासनिक कामबाहेक विशेष प्रकृतिको कार्यक्रम वा आयोजना सञ्चालन नभएको।

**१४.वेब साइट सम्बन्धी विवरणः** https://dtcobaitadi.fcgo.gov.np

**१५.कार्यालयले प्राप्त गरेका वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** प्राप्त नगरेको/सम्झौता नभएको।

**१६. कार्यालयले सञ्चालन गरेका कार्यक्रम र सोको प्रगति विवरणः** बुँदा नं. ९ मा उल्लेख गरिएको।

**१७. कार्यालयले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको नामावलीः** वर्गीकरण र संरक्षण नगरिएको।

**१८. कार्यालयमा परेका सूचना माग सम्बन्धी निवेदनः** लिखित रुपमा कुनै निवेदन नपरेको तथा सूचना माग नभएको।

**१९. कार्यालयका सूचना अन्यत्र प्रकाशन हुने गरेको भए सो सम्बन्धी विवरणः** कार्यालयको वेब साइट https://dtcobaitadi.fcgo.gov.np मा प्रकाशन हुने गरेको।

**२०.अन्य विवरणहरुः** बैतडी जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, बैतडीबाट भूक्तानी निकासा हुने संघीय, प्रादेशिक कार्यालयहरु र स्थानीय तहहरुको विवरण अनुसूची १ मा उल्लेख गरिएको।

## अनुसूची-१

### १ संघीय सरकारी कार्यालयहरु

| सि.नं. | कार्यालयको नाम | ठेगाना | तालुक कार्यालय/मन्त्रालय |
|---|---|---|---|
| १. | जिल्ला अदालत | गढी, बैतडी | सर्वोच्च अदालत |
| २. | जिल्ला प्रशासन कार्यालय | गढी, बैतडी | गृह मन्त्रालय |
| ३. | इलाका प्रहरी कार्यालय, पाटन | पाटन | |
| ४. | कारागार कार्यालय, बैतडी | शाहीलेक | |
| ५. | जिल्ला प्रहरी कार्यालय | गढी, बैतडी | |
| ६. | सशस्त्र प्रहरी बल नेपाल नं ५१ गुल्म हे.क्वा. | गढी, बैतडी | |
| ७. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | गढी, बैतडी | |
| ८. | इलाका प्रशासन कार्यालय, पुर्चौडी | पुर्चौडी, बैतडी | |
| ९. | इलाका प्रशासन कार्यालय, मेलौली | मेलौली, बैतडी | |
| १०. | जिल्ला सरकारी वकिल कार्यालय, बैतडी | गढी, बैतडी | प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय |
| ११. | जिल्ला निर्वाचन कार्यालय, बैतडी | गढी, बैतडी | निर्वाचन आयोग |
| १२. | खाद्य प्रबिधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय | गोठालापानी | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय |
| १३. | कोष तथा लेखा नियन्त्रक कार्यालय बैतडी | शाहीलेक | अर्थ मन्त्रालय |
| १४. | महाकाली भन्सार कार्यालय बैतडी | झुलाघाट | |
| १५. | सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना | पाटन | उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय |
| १६. | क्वारेन्टिन कार्यालय, झुलाघाट | झुलाघाट | कृषि, वन तथा पर्यावरण मन्त्रालय |
| १७. | भूमि प्रशासन कार्यालय | गढी, बैतडी | भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १८. | नापी कार्यालय | गढी, बैतडी | |
| १९. | सघन शहरी विकास तथा भवन निर्माण आयोजना, पाटन | पाटन,बैतडी | पूर्वाधार विकास मन्त्रालय |
| २०. | बृहत जलाधार ब्यबस्थापन केन्द्र, महाकाली | पाटन | कृषि, वन तथा पर्यावरण मन्त्रालय |
| २१. | सडक डिभिजन, बैतडी | पाटन | पूर्वाधार विकास मन्त्रालय |
| २२. | श्रीबक्स गुल्म | गढी, बैतडी | रक्षा मन्त्रालय |
| २३. | जिल्ला समन्वय समितिको कार्यालय, बैतडी | गढी, बैतडी | भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |

| | | | |
|---|---|---|---|
| २४. | शिक्षा विकास तथा समन्वय एकाई | शाहीलेक | शिक्षा तथा खेलकुद मन्त्रालय |
| २५. | जिल्ला हुलाक कार्यालय | गढी, बैतडी | सूचना तथा सञ्चार मन्त्रालय |
| २६ | जिल्ला आर्थिक गणना कार्यालय | गोठलापानी | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |

## २ प्रदेश सरकारी कार्यालयहरु

| सि.नं. | कार्यालयको नाम | ठेगाना | तालुक कार्यालय |
|---|---|---|---|
| १ | सामाजिक विकास कार्यालय | शाहीलेक | सामाजिक विकास मन्त्रालय |
| २ | जिल्ला अस्पताल | गोठलापानी | सामाजिक विकास मन्त्रालय |
| ३ | जिल्ला स्वास्थ्य कार्यालय | गोठलापानी | सामाजिक विकास मन्त्रालय |
| ४ | डिभिजन वन कार्यालय | गोठलापानी | उद्योग, पर्यटन, वन तथा वातावरण |
| ५ | सुख्खा फलफुल विकास केन्द्र | सतबाँझ | भूमि व्यवस्था, कृषि तथा सहकारी |
| ६ | सिचाई विकास तथा डिभिजन कार्यालय | पाटन | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ७ | भेटेनरी तथा पशु सेवा विज्ञ केन्द्र | पाटन | सामाजिक विकास मन्त्रालय |
| ८ | घरेलु तथा साना उद्योग विकास समिति | गढी | उद्योग, पर्यटन, वन तथा वातावरण |
| ९ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | मेलौली | सामाजिक विकास मन्त्रालय |
| १० | प्रदेश लेखा इकाई कार्यालय | शाहीलेक | आर्थिक मामिला मन्त्रालय |
| ११ | पुर्वाधार विकास कार्यालय | गोठलापानी | भौतिक पुर्वाधार विकास मन्त्रालय |
| १२ | शहरी विकास तथा भवन कार्यालय | गढी | भौतिक पुर्वाधार विकास मन्त्रालय |
| १३ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | गढी | भौतिक पुर्वाधार विकास मन्त्रालय |
| १४ | भिमदत्त बहुप्राविधिक शिक्षालय | पाटन | सामाजिक विकास मन्त्रालय |
| १५ | कृषि ज्ञान केन्द्र | गढी | भूमि व्यवस्था, कृषि तथा सहकारी |

## ३. स्थानीय तहहरु

| क्र.सं. | स्थानीय तह | ठेगाना |
|---|---|---|
| १. | मेलौली नगरपालिका | मेलौली, बैतडी |
| २. | पाटन नगरपालिका | पाटन, बैतडी |
| ३. | दशरथ चन्द नगरपालिका | गढी, बैतडी |
| ४. | पुर्चौडी नगरपालिका | हाट, बैतडी |
| ५. | सिगास गाउँपालिका | गर्जे, बैतडी |
| ६. | दोगडाकेदार गाउँपालिका | देउलेक, बैतडी |
| ७. | डिलासैनी गाउँपालिका | डिलासैनी, बैतडी |
| ८. | सुर्नया गाउँपालिका | रौलेश्वर, बैतडी |
| ९. | शिवनाथ गाउँपालिका | शिवनाथ, बैतडी |
| १०. | पञ्चेश्वर गाउँपालिका | आम्चौरा, बैतडी |